मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

समाजसेवामा सक्रिय शेरबहादुरः पृष्ठ ३



◆ वर्ष : २५ ◆ अङ्क : २५९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन ३२ गते आइतवार (Sunday, Aug 16. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# अनुदानको मल प्लाई फ्याक्ट्रीमा !

## नियमनकारी निकाय बेखवर, ७३४ रूपैयाँ पर्ने युरिया मल २२ सयमा खरिद गर्दै कृषक

**बिर्तामोड, साउन ३१।** सरकारले कृषकका लागि अनुदानमा उपलब्ध गराएको रासायनिक युरिया मल झापामा सञ्चालित भेनियर उद्योगलाई बिक्री गर्ने गरेको रहस्य खुलेको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ड ट्रेडिङसंगको मिलेमतोमा कृषकका लागि अनुदानमा आएको युरिया मल सहकारी संस्थाहरुले भेनियर उद्योग (प्लाई फ्याक्टी)लाई बिक्री गर्ने गरेको बिर्तामोड नगरपालिका कृषि शाखा प्रमुख राजेन्द्र कडरियाले बताए ।

सरकारले अनुदानमा कृषकका लागि उपलब्ध गराएको रासायनिक युरिया मल प्लाई फ्याक्ट्रीलाई बिक्री गर्दा झापामा रासायनिक मलको चरम अभाव भएको छ । नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय झापाले अनुगमन नगर्दा मल बितरणको जिम्मा पाएको कृषि सामग्री कम्पनी लिमिटेड र साल्ड ट्रेडिङ कम्पनी लिमिटेडले आफू खुशी सहकारी संस्थाहरुलाई रासायनिक मल दिने गरेको बिर्तामोड नगरपालिका कृषि शाखा प्रमुख कडरियाको भनाइ छ ।

कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले ३० प्रतिशत मलको कारोवार गर्ने अनुमति पाएका छन् । ३० प्रतिशत मलको कारोवार गर्ने अनुमति पाएको साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले अनुदानको युरिया र डीएपी मलको कारोवारभन्दा अनुदान नभएको मल एमोनियम सल्फेट र सिङ्गल सुपर फस्फेट जस्ता मलको मात्रै कारोवार गर्दै आएको बिर्तामोड नगरपालिका कृषि शाखा प्रमुख कडरियाको आरोप छ । मल वितरणको जिम्मेवारी पाएका दुई संस्थाकै मल वितरण प्रणालीमा देखिएको समस्याका कारण कृषकले सास्ती झेल्नु परेको कडरियाले बताए । उनले भने- साल्ट ट्रेडिङ अनुदानको भन्दा अनुदान नभएको मल बिक्री गर्दै व्यापार गरिरहेको छ भने कृषि सागम्री कम्पनी लिमिटेडले कृषकलाई आवश्यक पर्ने मल उपलब्ध गराउन सकिरहेको छैन ।








तस्वीरः इन्टरनेट

कृषकका लागि सहज रुपमा रासायनिक मल उपलब्ध गराउने जिम्मेवारी पाएका संस्थाले नै बेइमानी गरेपछि झापाका किसान रासायनिक मल नपाएर चिन्तित छन् । बिर्तामोड नगरपालिका-२ सोमवारेका कृषक जयप्रकाश भण्डारी नेपालमा रासायनिक मल नपाएपछि भारतबाट भित्रिएको मल महंगो मूल्य तिरेर खरिद गरेको बताउँछन् । उनी भन्छन्- चकचकी पुगेर १८ सय रुपैयाँ तिरेर ल्याएको मल काम लाग्ने हो कि होइन ठेगान छैन ।

जसोतसो धान रोपे पनि यो समयमा धानलाई युरिया मल लगाउनुपर्ने हुन्छ- भण्डारीले भने- बजारमा मल छैन, मलको हाहाकार छ, किसानले कसरी धानको उब्जनी बढाउने ? रोपाइँ गर्ने बेलामा डीएपी र अहिले युरिया मलको अभाव भएपछि किसानले खेती गरेको के काम लाग्छ ?- भण्डारीले प्रश्न गरे ।

धानमा युरिया मल हाल्न नपाएपछि धेरै जसो किसानको धान अहिले खेतमै पहेंलिएको छ । जेठ अन्तिम सातादेखि नै पानी परेका कारण धानमा किराको समस्या पनि उत्तिकै रहेको बिर्तामोड नगरपालिका कृषि शाखा प्रमुख कडरिया बताउँछन् । उनी भन्छन्- एकातिर मल छैन अर्कातिर किराबाट कसरी धान जोगाउने भन्ने चिन्ता छ ।

राज्यले मल किसानका लागि उपलब्ध गराउन नसक्ने हो र कृषकलाई दिलाउन नसक्ने हो भने झापामा धान उत्पादन घट्नेमा दुई मत छैन- कडरियाले भने- 'सरकारले रासायनिक मल उपलब्ध गराउन नसक्ने हो भने भारतबाट मल भित्र्याउन दिनुपर्छ ।' राज्यकै नियमनकारी निकायमध्येका एक स्थानीय तहका

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना संक्रमणका कारण १०२ जनाको मृत्यु



**झापा, साउन ३१।** कोरोना भाइरस संक्रमणका कारण नेपालमा मृत्यु हुनेको संख्या १०२ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित 'प्रेस ब्रिफिङ'मा शनिबार मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा थप तीनजनाको कोरोनाबाट मृत्यु भएको जानकारी दिए । मृत्यु हुनेमा कपिलवस्तुका ४२ वर्षीय पुरुष, वीरगन्ज महानगरपालिका-१२ का ६० वर्षीय पुरुष र धनुषाको जनकनन्दनी गाउँपालिका-४का ५० वर्षीय पुरुष रहेको प्रवक्ता डा. गौतमले बताए ।

योसँगै कोरोना संक्रमितको संख्या २६ हजार १९ पुगेको छ । पछिल्लो २४ घन्टामा ४६८ जना संक्रमित थपिएको उनले जानकारी दिए । देशभरबाट पछिल्लो २४ घण्टामा १२४ जना संक्रमणमुक्त भइ घर फर्केका छन् । अहिलेसम्म संक्रमणमुक्त भएर घर फर्कनेको संख्या १७ हजार २०१ पुगेको प्रवक्ता डा. गौतमले बताए ।

यसैबीच पछिल्लो २४ घण्टामा ११ हजार ४७ ओटा 'पीसिआर' परीक्षण भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म जम्मा पाँच लाख पाँच हजार ६६० ओटा पीसीआर परीक्षण भएको छ । हाल देशभर १४ हजार ४४८ जना 'क्वारेन्टिन'मा र ५२३ जना 'होम आइसोलेसन'मा रहेका जनाइएको छ ।


## एनआइसी एसिया बैंकका कर्मचारीलाई कोरोना संक्रमण

**बिर्तामोड, साउन ३१।** झापाको बिर्तामोडका एक बैंक कर्मचारीलाई कोरोना संक्रमण पुष्टि भएको छ ।

बिर्तामोडस्थित एनआइसी एसिया बैंकमा कार्यरत एक कर्मचारीलाई कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाँईले जानकारी दिए ।

पाँच दिनअघि बिर्तामोड नगरपालिकाले एक सय ७६ जनामा मास टेस्टिङ गरेको थियो । उनी केही समय अघि मात्रै विराटनगरबाट बिर्तामोड आएको बताइएको छ । झापामा शनिवार एक जनालाई मात्रै कोरोना संक्रमण देखिएको छ ।

## दमकमा लकडाउन



**झापा, साउन ३१।** कोरोना संक्रमित बढेसँगै झापाको दमक नगरपालिका लकडाउन गरिएको छ ।

दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीको अध्यक्षतामा शनिवार बसेको बैठकले भदौ ६ गतेसम्मका लागि लकडाउन गर्ने निर्णय गरेको हो । लकडाउन शनिवार राति १२ बजेदेखि हुने बताइएको छ ।

१५ वटा स्थानीय तह रहेको झापामा यसअघि नै मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा लकडाउन गरिएको छ । झापामा कोरोना संक्रमितको संख्या चार सय ३७ पुगेको छ भने संक्रमणमुक्त हुनेको संख्या तीन सय ७६ रहेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

## भारतमा एकैदिनमा ५७ हजार संक्रमणमुक्त

**भारत, साउन ३१।** भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये एकैदिनमा ५७ हजार जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा सङ्क्रमणमुक्त भएकाहरुको संख्या ५७ हजार ३८१ पुगेको छ । मन्त्रालयका अधिकारीहरुले कोरानाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको संख्या पछिल्लो समय भारतमा बृद्धि हुदै गएको जनाएका छन् ।

सङ्क्रमणमुक्त भएकाहरु मध्ये केही अस्पतालमा उपचार गराइरहेका सङ्क्रमितहरु रहेका छन् भने केही घरमै आइसोलेसनमा बसेकाहरु रहेका छन् ।

भारतमा अहिलेसम्म झण्डै १८ लाख मानिस कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको अधिकारीहरुले जानकारी दिएका छन् । मन्त्रालयद्धारा जारी प्रेस वक्तव्यमा १८ लाख ८ हजार ९३६ जना सङ्क्रमणमुक्त भएको उल्लेख गरिएको छ । अधिकारीहरुका अनुसार भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको संख्या छ लाख ६८ हजार २२० रहेको छ । यो संख्या कुल सङ्क्रमितको २६.४५ प्रतिशत मात्रै हो ।

भारतमा सङ्क्रमणमुक्त हुनेहरुको संख्या जसरी बढीरहेको छ परीक्षण गर्ने क्रम पनि उत्तिकै बढाइएको छ । पछिल्लो २४ घण्टामा आठ लाख ६८ हजार ६७९ जनाको परीक्षण गरिएको अधिकारीहरुले जनाएका छन् । योसँगै भारतमा अहिलेसम्म दुई करोड ८५ लाख मानिसको कोरोना परीक्षण गरिएको छ ।

# ग्रामीण युवा लघु उद्योगमा

## कमलमा पापड, गौरादहमा साबुन उद्योग खुल्दै



**मिलन अधिकारी**

**झापा, साउन ३१।** बढ्दो कोरोना महामारीकाबीच ग्रामीण क्षेत्रका युवाहरु एकजुट भएर लघु उद्यममा आकर्षित हुन थालेका छन् । उद्योग खोल्न उत्साही युवाहरुमध्ये कोही बिदेशमा श्रम गरेर फर्किएका छन् भने कोही बिदेश जाने सोचलाई बिर्सिएर स्वदेशमै स्वरोजगार हुनुपर्छ भनेर लागेका छन् ।

कमल गाउँपालिकामा कोरियाबाट फर्किएका युवाले त्यहाँ सिकेको सिपलाई आफ्नै ठाउँमा उपयोग गर्दै स्वरोजगार हुन पापड उद्योग स्थापना गर्ने निश्चय गरेका छन् । युवा कमल ओझासहित स्थानीय पाँच जनाको संयुक्त लगानीमा सो उद्योग स्थापना हुन लागेको हो । कोरियामा २ बर्ष बिताएर स्वदेश फर्किएका ओझा त्यहाँ सिकेको सिपको उपयोग आफ्नै देशमा गर्न कम्मर कसेका छन् । ओझाले कोरियामा गरेको श्रम सम्झँदै भने- त्यहाँ गरेको मेहनतको केही अंश मात्र स्वदेशमा गर्नसके बिदेशको भन्दा धेरै कमाई गर्न सकिन्छ भन्ने लागेको छ । उनलाई सो उद्योग स्थापनामा स्थानीय बाबुराम थापा, कमल ओझा, सुमन कार्की र आमा सीतादेवी ओझाले साथ दिएका छन् ।

स्थानीयस्तरमै फलाउन सकिने मुङ दाल, उरठ दाल जस्ता कच्चा पदार्थ प्रयोग गरेर उत्पादन गर्न सकिने पापड उद्योग कमल-५मा ३० लाख रुपैयाँको प्रारम्भिक लगानीमा स्थापना हुन लागेको हो । आउँदो दशैंसम्ममा उत्पादन बजारमा पुऱ्याउने लक्ष्य राखेर अघि बढेका युवाहरुको उद्योगको शुक्रवार कमल-५का वडाध्यक्ष डम्वरबहादुर निरौलाले शिलान्यास गरे । त्यस्तै गौरादह वडा नं. ६ दामुना नजिक शान्ति चौकमा साबुन उद्योग सञ्चालन हुन लागेको छ ।

गौरादह-६का स्थानीय युवा देबराज बुढाथोकी, खेमराज कडरिया र कमल श्रेष्ठको संयुक्त लगानीमा सो उद्योग सञ्चालन गर्न लागिएको श्रेष्ठले जानकारी दिए । शुरुमा ५० लाख रुपैयाँ लगानी गरेर खोल्न लागिएको उद्योगले लुगा धुने साबुन, भाँडा माझ्ने साबुन, हार्पिक र फिनायल उत्पादन गर्ने बताइएको छ । लघु उद्योगबाट उत्पादित सामग्रीहरु आउँदो असोज १ गते विश्वकर्मा पूजाको दिनबाट बजारमा आउने बताइएको छ । उद्योगले स्थानीय बजार हुँदै राष्ट्रिय बजारसम्म आफ्नो उत्पादन पुऱ्याउने लक्ष राखेको छ ।

बिश्वमा फैलिँदो कोरोना माहामारी र बढ्दो बेरोजगारीले विश्व बजार थिल्थिलो भइरहेको अवस्थामा दिनप्रतिदिन अर्थतन्त्र खस्कँदो अवस्थामा छ । बिदेशबाट लाखौं बेरोजगार युवाहरु स्वदेश फर्किरहेका छन् भने स्वदेशमा रहेका युवाहरु समेत बेरोजगार रहिरहेको अबस्था छ । यस्तो समयमा ग्रामीण भेगका युवाहरु लघु उद्योगमा आफ्नो भविष्य खोजिरहेका छन् ।

## करणी गरेर फुली चोर्ने धामी पक्राउ

**धरान, साउन ३१।** धरान उपमहानगरपालिका-१७ बस्ने ३३ वर्षीय तेजकुमार धामीलाई ५२ वर्षीया महिलालाई जबरजस्ती करणी उद्योग गर्नुका साथै महिलाको सुनको कुन्डल र नाकमा लगाएको सुनको फुली चोरी गरेको अभियोगमा शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## आकर्षक घडेरी बिक्रीमा




बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी बिक्रीमा छन् । कृपया प्रत्यक्ष उपभोक्ताहरुले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८५११४४९४९

नोटः (✓) यी चिन्ह भएका जग्गाहरु बिक्रीमा छन् ।

## हार्दिक धन्यवाद



नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं.-२, चारपानेस्थित मोहनमाया माध्यमिक विद्यालयको विद्यालय भवन रहेको जग्गा कित्ता नं. ६९३ को ज.वि. ०-७-५ र कि.नं. १८६५ को ज.वि. ०-०-१३.५ जग्गा विद्यालयको नाममा ल्याउने निर्णय भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्लाई सम्मानसहित आभार व्यक्त गर्दछौं ।

यस कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भई महत्वपूर्ण कार्य सफल बनाउन सहयोग गर्नुभएकोमा नेपाल सरकारका महान्यायाधिवक्ता **माननीय अग्निप्रसाद खरेल**ज्यूलाई हार्दिक धन्यवादसहित तथा आभार व्यक्त गर्दछौं । साथै यस कार्यमा सहयोग गर्नुहुने माननीय सांसद, माननीय सभासद्, जनप्रतिनिधि, समाजसेवी, विद्यालय ब्यवस्थापन समिति सदस्य, अभिभावक शिक्षक संघ सदस्य, पूर्वविद्यालय ब्यवस्थापन समिति, पूर्वअभिभावक शिक्षक संघ, पूर्वप्रधानाध्यापक, शुभेच्छुक, दाता, कर्मचारी, शिक्षक, पूर्व शिक्षक, अभिभावक, सञ्चारकर्मी र विद्यार्थीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

**शेरबहादुर श्रेष्ठ** प्रधानाध्यापक — **देवीप्रसाद गिरी** संयोजक, अ.शि.संघ — **नारायण राजवंशी** अध्यक्ष, वि.व्य.स.

एवम् **मोहनमाया माध्यमिक विद्यालय परिवार**, बिर्तामोड-२, चारपाने, झापा

# चियाको उत्पादन घट्दा किसान र उद्योगी समस्यामा



**चियाको बिरुवा रोप्दै स्थानीयवासी:** खोटेहाङ गाउँपालिका र भोजपुरको टेम्केमैयुङ गाउँपालिकाको सीमानामा पर्ने पर्यटकीयस्थल कपासेभञ्ज्याङमा चियाको बिरुवा रोप्दै स्थानीय बासिन्दा । समुद्री सतहदेखि करीब दुई हजार ५०० मिटर उचाइमा अवस्थित कपासेभञ्ज्याङको स्तरोन्नति गर्न स्थानीय बासिन्दा लागीपरेका छन् । **तस्वीर : केदार मगर/रासस**

**गिताञ्जलि दाहाल**

**इलाम, साउन ३१।** इलामको मुख्य आयस्रोत मानिएको चियाको उत्पादन यो बर्ष घटेको छ । आवश्यकताभन्दा धेरै पानी र मलको अभाव हुँदा हरियो चियापत्ती उत्पादनमा दोब्बरले कमी आएको हो ।

एकातिर कोरोनाको चपेटा र अर्कोतिर चियाको उत्पादन घट्दा कृषकहरु चिन्तित बनेका छन् । अन्य देशसँग आत्मनिर्भर बन्नु परेका कारण आवश्यक युरिया तथा जैविक मल आयात हुन नपाउँदा चिया उत्पादनमा कमी आएको कृषकहरु बताउँछन् ।

सिजनको फस्ट फ्लस (पहिलो टिपाइ)मा राम्रै उत्पादन भए पनि दोस्रो फ्लसमा ३० प्रतिशतले उत्पादन घटेको बताउँछन् इलाम नगरपालिका- १ साखेजुङका ग्रीन हिल चिया प्रशोधन उद्योगका सञ्चालक टंक दाहाल । पानीको मात्रा धेरै र घाम नलाग्दा जमिन नतातेका कारण मुना पलाउन नपाएको भन्दै दाहाल भन्छन्- 'असारदेखि निरन्तर पानी परेका कारण चियाको मुना पलाएको छैन र पलाएको पनि डढुवा, फोके जस्ता रोग लागेर बोटमै कुहिएको छ । अर्ग्यानिक बगान हुनेहरुको श्रावणदेखि नै रोग लाग्न थालेको छ ।'

लकडाउनले गर्दा तयारी चिया बजारसम्म पुर्‍याउन नपाउँदा गोदाममै थन्किने अवस्था रहेको र बैंकले बारम्बार ताकेता गर्दै आएको दाहाल बताउँछन् । यो बर्ष चिया उत्पादनमा कमी आउनुको मुख्य कारण अनुकूल मौसम र मल उपलब्ध नहुनु बताउँछन्- चिया विशेषज्ञ आरसी नेपाल ।

विगतका बर्षमा भन्दा यो बर्ष धेरै पानी पर्नु चियाका लागि घातक बनेको बताउँदै नेपाल भन्छन्- 'पानी परेसँगै चियामा 'फोके' रोगको समस्या देखिएको छ भने अर्ग्यानिक र ननअर्ग्यानिक दुबै बगानका लागि मल उपलब्ध नहुनु मुख्य समस्या हो । कोरोनाका कारण कतिपय ठूला बगानहरुमा कामदार नभएको अवस्था रहेको छ भने अन्तर्राष्ट्रिय बजारमा प्रशोधित चिया पुर्‍याउन नसक्दा उद्यमीहरु समेत मार्कामा परेको नेपाल बताउँछन् । धेरै उद्योगले गुणस्तरीय उत्पादनमा जोड दिँदै आएका छन् ।'

नेपाल सरकार स्थानीय प्रदेशले तत्काल आवश्यक मल उपलब्ध गराउनुपर्ने भन्दै नेपाल भन्छन्- 'अर्ग्यानिक बगान भएका किसानका लागि कम्पोस्ट तथा जैविक मल उपलब्ध र स्थानीय स्तरमै मल, औषधि उत्पादन गराउने प्रविधिमा जोड दिनुपर्छ ।' सरकारले उत्पादित चियाको बजारीकरणमा जोड दिनुपर्ने र नेपाली चियाको लोगो नभएकाले तत्काल लोगो कार्यान्वयन गर्नुपर्नेमा नेपाल जोड दिन्छन् । दीर्घकालीन बजार योजना अनुसार बजारीकरण योजना बनाइ तत्काल कार्यान्वयन गरी अर्ग्यानिक उत्पादनमा जोड दिनुपर्ने नेपालको भनाइ रहेको छ ।

इलामका ८५ चिया कारखानाले अर्थोडक्स चिया उत्पादन गर्दै आएका छन् । इलाममा तीन हजार तीन सय ९३ हेक्टरमा चिया खेती हुँदै आएको छ भने जिल्लामा बार्षिक ४८ लाख केजी तयारी चिया उत्पादन हुने गरेको छ । अघिल्लो बर्ष ७० रुपैयाँप्रति केजीसम्म बिक्री भएको हरियो पत्तीको यो सिजनमा अर्ग्यानिक मूल्य ६८ रुपैयाँ भए पनि नन्अर्ग्यानिक चिया २० देखि ३० रुपैयाँमा कारोबार भएको कृषकहरू बताउँछन् ।

लकडाउनका कारण उत्पादित चिया बिक्री गर्न नसकिएको भन्दै कारखानाहरुले चियाको मूल्य पोहोरको भन्दा कम तोकेको सञ्चालकहरुको भनाइ रहेको छ । सरकारले चियाका लागि पर्याप्त युरिया मल उपलब्ध नगराउनु, पर्याप्त श्रमिक नहुनु, उत्पादित चियाको उचित मूल्य नपाउनु मुख्य समस्या रहेको छ ।

# झापाका ३७२ जना कोरोना संक्रमित निको भए

**लक्ष्मी उप्रेती**

**मेचीनगर, साउन ३१।** झापामा कोरोना भाइरसको संक्रमण बढेसँगै अग्रपंक्तिमा खटिएका सुरक्षाकर्मी र स्वास्थ्यकर्मी समेत संक्रमित हुन थालेका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार शुक्रबारसम्ममा प्राप्त रिपोर्ट अनुसार चार सय २९ जनामा कोरोना भाइरसको संक्रमण फेला परेको छ । उनीहरुलाई उपचारका लागि प्रदेशमा रहेका कोभिड अस्पतालमा पठाइएको थियो । तीमध्ये दुईजना स्वास्थ्यकर्मी र ३६ जना सुरक्षकर्मीमा यसको संक्रमण पुष्टि भइसकेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

संक्रमितमध्ये झापाको मेचीनगर-१०स्थित आम्दा मेची अस्पतालमा कार्यरत् २९ वर्षीय पुरुष चिकित्सक तथा बाह्रदशी गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत एक स्वास्थ्यकर्मी गरी अहिलेसम्म अग्रपंक्तिमा खटिएकामध्ये दुईजना स्वास्थ्यकर्मीमा कोभिड १९को संक्रमण फेला परेको कार्यालयले जनाएको छ ।

संक्रमितमध्ये एकजना निको भइसकेका छन् भने एकजनाको उपचार जारी रहेको कार्यालयका महामारी रोग फोकल पर्सन जीवन चौलागाईंले जानकारी दिए । यसैगरी जिल्लाभरि नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेना गरी ३६ जना सुरक्षाकर्मीमा संक्रमण देखिएको भए पनि अधिकांश निको भइसकेको र ४/५ जना उपचारार्थ अस्पताल भर्ना गरिएको बताइएको छ ।

स्वास्थ्य अधिकारीहरुका अनुसार पछिल्लो समय अग्रपंक्तिमा खटिनेमा सवैभन्दा बढी जोखिममा सुरक्षाकर्मी र केही स्वास्थ्यकर्मी नै छन् । यदि स्वास्थ्यकर्मी नै संक्रमित भए उनीहरुसँग दैनिक सेवा लिन जाने सर्वसाधारणहरुमा पनि जोखिम बढ्ने विशेषज्ञहरुले बताएका छन् । यदि बेलैमा सजग र सचेत नभए ठूलो दुर्घटना निम्तिने खतरा रहेको भन्दै उनीहरुले बेलैमा सवैजना एक भएर यसको नियन्त्रण र रोकथाममा लाग्नुपर्नेमा जोड दिएका छन् । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी बिरामीसहित सबैले जनस्वास्थ्यका मापदण्ड तथा व्यवहार कडा रुपमा पालना नगर्ने हो भने स्वास्थ्य सेवा प्रवाह गर्ने प्रणाली नै ध्वस्त हुने सक्ने चेतावनी विज्ञहरुले दिएका छन् ।

कूल संक्रमितमध्ये ३ सय ७२ जना झापामा कोरोना जितेर घर फर्किएका छन् । कार्यालयका महामारी रोग फोकल पर्सन चौलागाँईका अनुसार शुक्रबारसम्म जिल्लाका विभिन्न सामुदायिक, होम क्वारेन्टिन, होल्डिङ सेन्टर तथा समुदायस्तरका १५ हजार ४९ जनाको पीसीआर परीक्षणका लागि थ्रोड स्वावको नमूना संकलन गरी १ नम्बर प्रादेशिक प्रयोगशाला विराटनगर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान तथा मेची प्रादेशिक अस्पताल भद्रपुरमा पठाइएको थियो । अझै पनि करीव ६ सयको रिपोर्ट आउन बाँकी छ । ५७ जना उपचारका लागि कोभिड अस्पतालमा भर्ना भएका छन् ।



झापामा रहेका १५ वटा पालिकाहरुमध्ये नगरपालिकातर्फ सवैभन्दा बढी मेचीनगर नगरपालिकमा एक सय जनामा संक्रमण पुष्टि भएकोमा ७९ जना निको भएर घर फर्किसकेको फोकलपर्सन चौलागाईंले जानकारी दिए । उनका अनुसार सवैभन्दा कम शिवसताक्षी नगरपालिकामा ११ जनामा संक्रमण देखिएकोमा १० जना निको भएर घर फर्किएका र बाँकी एक जनाको उपचार भइरहेको छ । १३ जना संक्रमित भएको बिर्तामोड नगरपालिकामा ७ जना जाती भएका छन् ।

भद्रपुर नगरपालिमा १७ जनाको पीसीआर पोजेटिभ भएकोमा १० जना उपचारपछि निको भएका छन् । कन्काई नगरपालिकामा १२ जना कोरोना संक्रमित सवै निको भइ घर फर्किएका छन् । अर्जुनधारा नगरपालिकामा २२ जना संक्रमितमध्ये १४ जना निको भएका छन् । दमक नगरपालिकामा २० संक्रमितमध्ये ६ जनाको उपचार जारी छ । यसैगरी गौरादह नगरपालिकामा १७ संक्रमितमध्ये १२ जना उपचारपछि घर फर्किएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार गाउँपालिकातर्फ सवैभन्दा बढी कचनकवलमा एक सय ३८ जनामा कोरोना भाइरस पुष्टि भएको थियो । तीमध्ये १ सय ३५ जना निको भएका छन् । बुद्धशान्ति गाउँपालिकामा १७ जना संक्रमित सवै निको भएर घर फर्किएका छन् । उता हल्दिवारी गाउँपालिकाका १२ संक्रमित सवै निको भएका छन् भने कमल गाउँपालिकामा तीन जनामा कोरोना पुष्टि भएकोमा सवै निको भएर घर फर्किएका छन् । गौरीगञ्ज गाउँपालिमा २५ संक्रमित सबै निको भएका छन् । बाह्रदशी गाउँपालिकामा १६ संक्रमितमध्ये १३ निको भएका छन् भने झापा गाउँपालिकामा ७ जना संक्रमित हुँदा ६ जना निको भएको कार्यालयले जनाएको छ ।

जिल्लामा कार्यालयबाट ६ सय कर्मचारीहरु अहिले फिल्डमा खटिएका छन् । उनीहरुले सम्बन्धित पालिकाका जनप्रतिनिधिहरु र स्वास्थ्य शाखाका कर्मचारीहरुसँग समन्वय गरेर काम गरिरहेको चौलागाईंले जानकारी दिए । खुला सीमाना, पर्याप्त स्रोतसाधनको अभाव तथा जनप्रतिनिधिहरुमा स्वास्थ्य ज्ञानको अभाव अहिलेको मुख्यः चुनौति रहेको चौलागाईंको भनाइ छ । उनले कन्काईमा जडान गरिएको पीसीआर मेसिन तत्काल सञ्चालन गरे निक्कै ठूलो समस्या हल हुने बताए । झापाबाट पीसीआर परीक्षणका लागि थ्रोड स्वावको नमूना संकलन गरी १ नम्बर प्रादेशिक प्रयोगशाला विराटनगर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र मेची प्रादेशिक अस्पताल भद्रपुरमा पठाइए पनि समयमै रिपोर्ट नआउनाले ठूलो समस्या झेल्नु परेको छ । लापरबाहीले समेत कोरोना फैलिने भएकाले यसतर्फ सवैले ध्यान दिन जरुरी रहेको चौलागाँईको भनाइ छ । समुदायमा कोरोना फैलिए कन्ट्याक ट्रेसिङ जरुरी हुन्छ । यसकारण समुदायस्तरमा यसको संक्रमण फैलिनु भनेको सवैभन्दा ठूलो समस्या हो- उनले भने ।

# फूलवारीबाट बुवा सार्वजनिक



**बिर्तामोड, साउन ३१।** पछिल्लो समय युट्युव च्यानलले लघू चलचित्र निर्माण गर्दै सार्वजनिक गर्ने क्रम बढेको छ ।

विशेषगरी मनोरञ्जन प्रदान गर्ने उद्देश्यले तयार गरिएका विभिन्न लघू चलचित्र युट्युव च्यानलले सार्वजनिक गर्दै आएका छन् । पाथीभरा थीएटर सिने प्रालिले निर्माण गरेको लघू चलचित्र 'बुबा' सार्वजनिक गरिएको छ । युटुयुब च्यानल फूलबारी मिडियामार्फत बुवाको सार्वजनिक गरिएको हो । कुशे औंशीको अवसरमा सार्बजनिक बुबामा एउटा बाबुले आफ्ना सन्तानको लागि भोग्ने दुःख कष्ट र जिम्मेवारी देखाउन खोजेको छ ।

हाम्रो समाजले आमालाई मात्रै बढी महत्व दिँदा बुबाप्रति अन्याय भएको भन्दै आमा धरती भए बुवा आकाश हुन् भन्ने सन्देश दिन खोजिएको लघू चलचित्रका लेखक तथा निर्देशक झापाली कान्छा 'अभिषेक' ले बताए । झापाली बिमल काफ्लेको निर्माण र सुवास लिम्बूको सम्पादन रहेको बुवामा अभिषेक, झापाली बिमल काफ्ले, फुर्बा, दिपीना लगायतको अभिनय छ ।

# कोरोनाविरुद्ध रुसले बनाएको खोपले काम गर्ने अमेरिकाको विश्वास

**अमेरिका, साउन ३१।** कोरोनाविरुद्ध रुसले बनाएको खोपले काम गर्ने अमेरिकाले विश्वास व्यक्त गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी खोप प्रभावकारी र उपयोगी हुने विश्वास व्यक्त गरेका हुन् ।

मलाई रुसले बनाएको भनिएको खोपका बारेमा धेरै थाहा छैन, तर त्यो प्रभावकारी, उपयोगी हुन्छ र त्यसले काम गर्छ भन्ने मलाई विश्वास छ- उनले भने । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाईट हाउसमा भएको पत्रकार सम्मेलनमा बोल्ने क्रममा उनले रुसी खोपका बारेमा सकारात्मक धारणा राखेका हुन् । कोरोनाभाइरस विरुद्धको खोप तयार पार्न रुस विश्वको पहिलो राष्ट्र हुने पनि उनको भनाइ छ ।

मलाई जानकारी भएसम्म कोरोनाभाइरसविरुद्धको खोप तयार पार्न रुस विश्वकै पहिलो मुलुक भएको छ, यो दर्ता भइसकेको पनि मैले थाहा पाएको छु- उनले भने । उनले चाँडै नै ठूलो मात्रामा सो खोपको उत्पादन र प्रयोग हुन थाल्ने विश्वास पनि व्यक्त गरे । राष्ट्रपति ट्रम्पले यो साह्रै नै महत्वपूर्ण रहेको पनि बताए ।

आधारभूत प्रक्रियाहरु पूरा गर्ने र परीक्षण सवै सफल भएपछि आधिकारिक निकायले त्यसको प्रयोगका लागि स्वीकृति दिने उनको भनाइ छ । नयाँ खोप प्रक्रियामा गएको छ र अहिलेसम्म सकारात्मक नतिजा आएको थाहा पाउँदा आफूहरुलाई अन्त्यन्त धेरै खुशी लागेको उनले बताए ।

उनले अमेरिकमा पनि केही बैज्ञानिकहरुले तीन ओटा खोपलाई परीक्षण गरिरहेको र त्यो अहिले तेस्रो चरणमा पुगेको जानकारी दिए । अहिलेसम्म औषधिको औपचारिक प्रयोग गर्न नपाएर विश्वभरी महामारीको रुपमा फैलिएको कोरानोभाइरसबिरुद्ध विश्वभरि धेरै बैज्ञानिकहरुले औषधि बनाइरहेको दाबी गरेका छन् । तर ती सवै परीक्षणका क्रममा रहेका छन् भने अहिलेसम्म विश्वस्वास्थ्य संगठनले कसैलाई पनि कोरोनाको औषधिको मान्यता दिएको छैन ।

करणी ...

धरान उपमहानगरपालिका-१७ स्थित उदय सामुदायिक बनमा निगुरो टिप्न गएकी ती महिलालाई धामीले धारिलो हतियार खुकुरी देखाई जबरजस्ती करणी उद्योग गर्नुको साथै गरगहना चोरी गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले धामीलाई पक्राउ गरेको हो । धामी उपर जबरजस्ती करणी उद्योग तथा चोरी मुद्दामा अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# सामान्य विवादमा श्रीमतीको हत्या

**झापा, साउन ३१।** आफ्नै श्रीमती ३९ वर्षीया निर्मला गोले रुम्बालाई कुटपिट गरी हत्या गरेको अभियोगमा निजगढ नगरपालिका-१३ बस्ने ४० वर्षीय सुकुले रुम्बालाई प्रहरीले पक्राउ गरेको छ ।

सामान्य विवादमा सुकुलेले निर्मलालाई कुटपिट गर्दा बेहोस भई उपचारको लागि हेटौंडा अस्पताल मकवानपुर लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । उक्त घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरीले सुकुलेलाई पक्राउ गरेको हो ।


## गमला चाहिएमा

**घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।**



**सम्पर्कः भूपाल कार्की**
**९८०१४०४०००**
**९८१६६४१५७३**
**अर्जुनधारा-५, विहीवरे बजार लक्ष्मीपुर**


अनुदानको ...

कर्मचारीले नै राज्यकै अर्को निकायमा काम गर्ने कर्मचारीले अनुदानमा आएको मलको सदुपयोग गराउन नसकेको आरोप लगाएका छन् । यसबाटै पुष्टि हुन्छ कि कर्मचारीकै फटाइँका कारण कृषकले सहज रुपमा रासायनिक मल नपाएका हुन् ।

रासायनिक मल युरियाको मूल्य प्रतिवोरा ७३४ र डीएपीको मूल्य प्रतिवोरा २१८४ रुपैयाँ पर्छ । तर, झापाका कृषकले एक वोरा युरिया २२ सय रुपैयाँसम्म तिरेर खरिद गरिरहेका छन् । भारतबाट अबैध रुपमा नेपाल भित्रिएको युरिया बिचौलियाले आफूखुशी किसानलाई बेचिरहेका छन् । युरियाको वास्तबिक मूल्यभन्दा तेब्बर बढी मूल्य तिरेर भारतबाट अबैध रुपमा भित्रिएको मल प्रयोग गर्दै झापाका कृषकले जसोतसो खेती गरे पनि समयमा मल नपाएका कारण धान उत्पादन घट्ने भन्दै चिन्तित देखिएका छन् ।

अन्नको भण्डारको रुपमा चिनिएको झापाका अधिकांश मानिस कृषिमा निर्भर छन् । अझ सरकारले झापाको कचनकवल गाउँपालिकालाई धान सुपरजोन क्षेत्र घोषणा गर्दै उत्पादकत्व बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । तर, खेती गर्ने समयमा रासायनिक मल नपाएर चिन्तित बनेका कृषकको पीडा ज्यूँकात्यूँ छ । कृषकले जसोतसो धान रोपे पनि धानलाई आवश्यक पर्ने खाद्य तत्व दिन नसक्दा झापामा एक तिहाई धान उत्पादन घट्ने पक्षेपण जिल्ला कृषि ज्ञान केन्द्र झापाले गरेको छ ।

यता कृषकका लागि आवश्यक पर्ने मलखाद लगायतको आपूर्ति गर्दै आएको दुई कम्पनीले नै कृषकलाई अनुदानको मल उपलब्ध गराउन नसकेको भन्दै लिम्बुवान नेता सञ्जुहाङ पालुङ्वाले आपत्ति जनाएका छन् । उनले दुईतिहाईको शक्तिशाली कम्युनिष्ट सरकारले किसानको हितमा काम गर्न नसकेको भन्दै आन्तरिक रुपमै कुर्सीको लडाइँमा नेता केन्द्रीत रहेकाले जनता भोकै मर्ने समय आएको बताए ।

**प्लाई फ्याक्ट्रीलाई किन चाहिन्छ युरिया ?**

झापामा ५०को हाराहारीमा भेनियर उद्योग र प्लाई फ्याक्टी छन् । जसमा सबैभन्दा बढी बिर्तामोड नगरपालिकामा यस्ता फ्याक्ट्री रहेका छन् । जहाँ कच्चा पदार्थको रुपमा युरिया प्रयोग गर्ने गरिएको श्रोतले जानकारी दिएको छ । स्रोत भन्छ- 'एउटै व्यक्तिले भेनियर र प्लाई फ्याक्ट्री सञ्चालन गरेका छन्, जसका लागि युरिया मलको आवश्यक पर्छ ।'

युरिया मल प्लाईलाई टास्ने रेजिन बनाउन प्रयोग गर्ने गरिएको जानकारको भनाइ छ । उनले भने- त्यो बेला सहज रुपमा युरिया मल पाइन्थ्यो, त्यसैलाई रेजिन बनाएर प्लाई उद्योग सञ्चालन गरेका थियौं, अहिले पनि चाहिने कच्चा पदार्थ त्यही हो ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय


## इमान्दार र सचेत बनौं

कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या एक सय नाघेको छ । शुक्रबार एक सय टेकेको संख्याले मृत्यदर बढ्न थालेको संकेत गरेको छ । अहिले दिनहुँ बढिरहेको संक्रमण र मृत्युवरण गर्ने दरलाई चेतावनीका रुपमा नलिने हो भने परिणाम अनपेक्षित मात्र होइन कल्पनातीत बन्ने निश्चित छ । दिनहुँ प्रशारण र सञ्चार भइरहेका सूचनाले अझै हामीलाई सचेत गराएको छैन । अझै बिनाकाम 'लुखुर–लुखुर' बरालिने क्रम रोकिएको छैन । अझै बाहिर निस्कँदा मास्कको प्रयोग भइरहेको छैन, एकअर्काकाबीच भौतिक दूरी कायम गरिएको छैन, यसले आफू त गइयो नै सँगै परिवार र समुदायलाई नै लिएर जाने जोखिम बढाएको छ ।

पहिचान भएको वर्षदिन हुन लाग्दा समेत उन्नत, समृद्ध देशका वैज्ञानिकहरुले कोरोनाविरुद्धको औषधि आविष्कार गर्न सकेका छैनन् । कतिपय देशले प्रयोग गरी परिणाम पनि अपेक्षित प्राप्त भएका आधारलाई समेत मान्यता दिइएको छैन । विश्व स्वास्थ्य संगठन स्वयम् नै कोरोना कहरले 'कुहिरोमा हराएको काग' भइरहेको छ । यस्तो बेला हामी जस्ता साना, साधनविहीन, आर्थिक स्रोतले विपन्नमा पर्ने र सत्ता स्वार्थमै रमाउने सरकार भएको देशका जनताले यस्तै लापरवाही, असावधानी र हेलचेक्र्याइँ गरिरहने हो भने डढेलोले कसैलाई बाँकी राख्दैन । संक्रमितको संख्या उकालो लागिरहँदा कोरोनाबाट गम्भीर विरामी बढ्नेक्रम पनि उकालिँदैछ । अझ जनघनत्व बढी भएका ठाउँहरु अहिले नै नियन्त्रण बाहिर जान थालेका छन् । यस्तो बेला पनि हामी गम्भीर नहुने हो भने उत्पन्न परिस्थितिको दोष अरुलाई दिन पाइने छैन ।

गम्भीर विरामी पर्नेक्रम बढ्न थालेको छ । त्यसबेला विरामीलाई आइसीयुमै राख्नुपर्ने हुनसक्छ । भेन्टिलेटर नै चढाउनुपर्ने अवस्थाले परिस्थिति काबु बाहिर जान थालेको देखिँदैछ । एकैदिन दश जनाले ज्यान गुमाएको घटनाले हामी सबैको शिरमा खतराको तरवार झुण्डिएको संकेत गरेको छ । अनि पनि हामी भीडभाड गर्न छाडेका छैनौं, निषेधित क्षेत्रहरु खोल्न थालेका छौं, संक्रमणको सम्भावना भएका पार्लर, सैलुन, होटल, जात्रा, तीज लगायतका व्यावसायिक प्रतिष्ठान र चाडबाडहरु बिना संकोच खुल्ला गर्दैछौं । 'पाहुना नजान–नबोलाउन सरकारले नै निर्देशन दिएको अवस्थामा तीजको जमघट हुन थालेको देख्न सुन्न थालिएको छ । कारोनाकालको सिकाइ भनेकै व्यक्तिगत सचेतना र सावधानी हो । तर, हाम्रो मन, मस्तिष्कमा यसले प्रवेश पाएकै छैन । यस्तो अवस्था र सरकारको निरीहताले निर्दोषले सजाय भोग्नुपर्ने अवस्था आउनु दुःखद् हो । त्यसैले पनि स्वास्थ्य सेवा विस्तार गर्न राज्यको ध्यान जानैपर्छ र नागरिकमा पनि स्वयम् चेतना जाग्रत हुनैपर्छ ।

# अब 'युट्युबे' होइन 'युट्युबर' बनौं



डा. कुन्दन अर्याल

अस्पतालको शैय्यामा जीवन-मरणको संघर्ष गरिहेका भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीका छोराले ट्वीट गरे- 'भारत फेक न्युजको कारखाना नै बन्न पुगेको छ।' भर्खरै, सामाजिक सञ्जालमा अनुमानका भरमा उनका पिताको स्वास्थ्यबारेमा अफवाह फैलाउने किसिमका सामग्री आउन थालेपछि उनी त्यो तिखो टिप्पणी गर्न बाध्य भए। सामाजिक सञ्जाल व्यक्ति-व्यक्तिको निर्वाध अभिव्यक्ति स्वतन्त्रताका लागि अत्यन्त प्रभावकारी माध्यम अवश्य हो। तर, यसबाटै अफवाह फैलाउन पनि गाह्रो छैन। त्यसैले हिजोआज 'फ्याक्ट चेक' अर्थात् सत्यापनको निकै चर्चा हुन थालेको छ।

सामाजिक सञ्जालहरूकै बीच भिडियोको प्रसारका लागि 'युट्युब' अत्यन्तै लोकप्रिय छ। युट्युब संसारको अगुवा 'भिडियो सेयरिङ प्लेटफार्म' हो। यसमार्फत कसैले पनि भिडियो शेयर गर्न वा विमर्शका लागि अरूलाई उत्प्रेरित गर्न सक्छ। यसले संसारका धेरै युवालाई ज्ञानसँग साक्षात्कार गर्ने मौका दिएको छ। अनुभवी प्राध्यापकहरूलाई युवाबीच ज्ञान बाँड्ने प्रभावकारी उपाय दिएको छ। यो केवल हल्का मजाक वा रमाइलो गर्ने वा समय बिताउने साधनमात्र होइन। यो यस्तो सामाजिक सञ्जाल हो, जसले टाढा-टाढाका मानिसलाई जोडेको छ। युट्युब यसप्रकारको पहिलो वेबसाइट हो, जहाँ प्रयोगकर्ताहरूले स्वतन्त्रतापूर्वक भिडियो अपलोड गर्न सक्छन्। ती प्रयोगकर्ताका मौलिक हुन वा नहुन पनि सक्छन्। यसले मानिसलाई धर्मनिरपेक्ष सोच र सांस्कृतिक सद्भावलाई विस्तार गर्ने मौका पनि दिएको छ। धेरै युवाले नवप्रवर्द्धनात्मक सोचहरू यसै मार्फत फिँजाएका छन्। औपचारिक शिक्षा वा अनौपचारिक सिकाइका लागि पनि युट्युब प्रभावकारी सावित भएको छ।

कतिपय मानिस यो प्लेटफार्मलाई हेर्नमात्र प्रयोग गर्छन् भने कतिपय मानिस अझ खासगरी युवाले यसमा आफ्ना सामग्री पनि कुनै शुल्क नव्यहोरी प्रसार गरिरहेका छन्। त्यसबाटै वाहवाही र प्रशंसा बटुलिरहेका छन्। त्यतिमात्र होइन, युट्युबमा कसैको सामग्री धेरैभन्दा धेरै मानिसले हेर्दै गए भने पैसा पनि पाइन्छ। हो, यही पैसा पाइने लोभ वा प्रसार 'मनिटाइज्ड' हुने प्रणालीका कारण युवा प्रतिस्पर्धामा कस्सिएका छन्। अनि यही प्रतिस्पर्धाका क्रममा 'क्लिकवेट' भन्ने शब्द निकै प्रचलनमा आएको छ। १९औँ शताब्दीको उत्तरार्द्धमा अमेरिकी अखबारहरूको केवल पाठकलाई आकर्षित गर्ने होडका क्रममा यस्तै एउटा शब्दावलीको उत्पत्ति भएको थियो। त्यो बेलाको येल्लो जर्नालिजम (पीत पत्रकारिता) र अहिलेको क्लिकवेट उस्तै हुन्। समयक्रममा आमजनता वा उपभोक्ता, पत्रकार र सरकारहरूबीच मतैक्य कायम भयो- त्यस्तो पत्रकारिताले कसैको हित गर्दैन, समाजको आवश्यकता पनि पूरा गर्दैन। युट्युबसँग सम्बन्धित कैयौं सामाजिक र कानूनी समस्याहरू पनि छन्। केही समस्या निर्वाध अभिव्यक्तिको अधिकारको दुरुपयोग वा प्रयोगकर्ताहरूको असामाजिक व्यवहारका कारण पनि उत्पन्न भएका छन्। आउँदा दिनहरूमा पनि विवाद उत्पन्न भइरहने प्रष्टै देखिन्छ। किनकि व्यक्ति-व्यक्तिबीचको कुराकानी जस्तै यस माध्यमबाट व्यक्तिले आफूलाई लागेको बिना रोकटोक अभिव्यक्त गर्न सक्छन्।

शुरु भएको केवल १५ वर्षको अवधिमा आज सबैलाई लाग्दैछ, युट्युबमा दर्शक बटुलेर आर्थिक लाभ लिने प्रवृत्ति उपर कुनै न कुनै नियन्त्रण आवश्यक छ। अहिलेको क्लिकवेट र ऊबेलाको पीत पत्रकारिताबीचको आधारभूत भिन्नता के छ भने त्यो बेला अन्तरवस्तु पस्कने काममा पत्रकारहरूको एकाधिकार थियो। तर, आजका युट्युब जस्ता सामाजिक सञ्जालका लागि हरेक व्यक्ति अन्तरवस्तुका सर्जक र उपभोक्ता हुन्। मूलधारका टेलिभिजन पत्रकारहरू पनि युट्युबको प्रयोग गरिरहेका छन्। आमरूपमा उनीहरू समाजप्रति जिम्मेवार छन् र उनीहरू सम्पादनका क्रममा पत्रकारिताका व्यावसायिक मर्यादा र विवेकको सम्मान गर्ने गर्छन्। सामाजिक सञ्जालका रूपमा व्यक्ति-व्यक्तिले मात्र युट्युबको प्रयोग गरिरहेका छैनन्। पत्रकारिताको माध्यमका रूपमा अनुभवी वा प्रशिक्षित पत्रकारहरूले पनि युट्युबको प्रयोग गरिरहेका छन्।



केही समययता तेस्रो थरीको जमात तयार भएको छ, जो आफूलाई पत्रकार मान्दैनन्, जो आफूलाई सोखका लागि मात्र यस माध्यमको प्रयोग गर्ने उपभोक्ता पनि ठान्दैन। जसको यसै मेलोबाट ठूलो आम्दानी गर्ने महत्वाकांक्षा छ। जसलाई जसरी-तसरी धेरैभन्दा धेरै दर्शक बटुल्नु छ। हिंसा, अश्लील, आँशु, विभत्स जेसुकै देखाएर होस्, सत्यतथ्यसँग कुनै सरोकार छैन, बनावटी दृश्य छ। त्यसैगरी, क्लिकवेट बढाउनुछ, मनिटाइज्ड गराउनुछ, कमाउनु छ। यहीक्रममा त्यो जमात नेपाली समाजमा युट्युबे भनेर चिनिन थालेको छ।

कतिपय मानिसलाई युट्युबको गलत प्रयोगले निकै आतंकित बनाएको छ। त्यस्ता मानिसलाई लाग्छ, समाजका सारा मूल्य-मान्यता, सामाजिक रीतिथिति यसैले तहस-नहस पारिदिनेछ। तर, त्यस्तो पनि होइन, युट्युबे भन्ने विशेषण पाएका हाम्रा युवाले पनि युट्युबर भनेर आम रूपमै अन्य देशहरूमा जस्तै सम्मान पाउने दिन आउन सक्छ। तर, त्यसका लागि युट्युबमा नियमित रूपमा सामग्री अपलोड गर्ने उत्साही युवाले कम्तिमा यति त बुझ्नैपर्छ। यो माध्यमलाई प्रयोग गरी जब कुनै पनि सामग्री आममानिस वा मासमा लैजाने कर्ममा संलग्न भइन्छ। सामाजिक-नैतिक मूल्य-मान्यता र देशको कानूनको पनि ख्याल गर्नैपर्छ। धेरैजसो अवस्थामा विश्वव्यापी अवधारणा र अन्तर्राष्ट्रिय कानूनको पनि ख्याल गर्नैपर्छ। आजको विश्वमा कुनै पनि जाति, लिङ्ग वा पेसाका मानिसविरुद्ध घृणाका शब्दावली प्रयोग गर्नु गलत मानिन्छ। युट्युब एक्काइसौँ शताब्दीको प्रविधि हो, यसको प्रयोग पनि मानव जातिले हाँसिल गरेको मूल्य-मान्यता र सभ्यता अनुकूल हुनैपर्छ।

अत्यधिक दुरुपयोग, घृणाका शब्दावली, सेन्सरसिप, पूर्वाग्रह र अफवाह, इन्टरनेट र युट्युब यस्ता कैयौं समस्याबाट मुक्त छैनन्। तर, नकारात्मक पाटोको मात्रै चर्चा गरेर त्यतिविघ्न आत्तिनु पर्दैन। युट्युब वा यसको सञ्चालन गर्ने गुगल कम्पनीले पनि 'गाइडलाइन' बनाएको छ, उजुरी गर्ने व्यवस्था गरेको छ। दबाब समूह, नागरिक समाज अग्रसर हुनुपर्छ। जागरुक उपभोक्ताले सर्जकहरूलाई ठीक ठाउँमा ल्याउन सक्छन्। युट्युबको दाबी छ- यसले विश्वभरका उपभोक्ताहरूलाई अभिव्यक्ति र सूचनाको अवसर प्रदान गर्दै आबद्धता प्रदान गरेको छ। तर, कम्पनी यसको दुरुपयोग प्रति पनि सजग छ भन्ने दाबी गर्छ। त्यहीक्रममा जारी गरिएको छ- पोलिसिज एण्ड सेफ्टी : रुल्स एण्ड पोलिसिज कम्युनिटी गाइडलाइन्स।

युट्युबका अनुसार यसको 'कम्युनिटी गाइडलाइन्स' उपभोक्ता समाजको संरक्षणका लागि तयार गरिएको हो। ती गाइडलाइन्सले युट्युबमा के प्रसार हुन दिने र के नदिने तय गर्छन्। ती गाइडलाइन युट्युबको प्लेटमार्फमा भिडियो, कमेन्ट, लिङ्क र थम्बनेल जस्ता सबै किसिमका अन्तरवस्तु वा क्रियाकलापका सन्दर्भमा लागू हुन्छन्। यसले भ्रामक र सरासर झुटो वा सत्य जस्तै लाग्ने भ्रामक सामग्री वा लिङ्क समेत हटाउने गर्छ।

त्यसैगरी, हिंसाजन्य र खतरनाक, बलजफ्ती वा साइबर बुलिङ, हानी गर्ने वा खतरनाक वा घृणाका शब्दलाई वर्जित गरेको दाबी गर्छ। हिंस्रक अपराधी समूह वा त्यस्ता भिडियोलाई पनि यसले आफैं वर्जित गरेको छ। बालबालिकाको सुरक्षामा ध्यान पुयाइएको दाबी गाइडलाइनमा गरिएको छ। नग्नता र यौनजन्य, आत्महत्या वा कुनै व्यक्तिले आफैँलाई हानी पुऱ्याउँदै अपलोड गरेको दृश्य जस्ता संवेदनशील विषयलाई समेत निषेध गर्ने नीति छ। यसले फायर आर्म ( घातक हतियार) वा अन्य गैरकानूनी सामग्रीको बिक्री वितरण वा नियमन गरिएका वस्तुको खुला विज्ञापनमा समेत रोक लगाउने गरेको छ। युट्युबका आधिकारिक वेबसाइटका अनुसार यसले यस्ता सबै किसिमका हानिकारक अन्तरवस्तुलाई प्लेटफार्मबाट हटाउने गरेको छ। यसले समस्या उत्पन्न गर्न सक्ने सामग्रीको निरन्तर अनुगमन मानिस र यन्त्रका माध्यमले गरिरहेको हुन्छ। त्यस्तो अन्तरवस्तु फेलापरेको अवस्थामा विज्ञहरूले समीक्षा गर्छन्।

युट्युबको निर्देशिका अनुसार समस्याग्रस्त देखियो भने त्यस्तो अन्तरवस्तुलाई हटाइन्छ र भविष्यमा त्यस्तो नआओस् भनेर यन्त्रलाई त्यही अनुकूल 'प्रोग्रामिङ' गरिन्छ। युट्युबको ग्लोबल पब्लिक पोलिसी टिमले पोलिसीका विषयहरूमा निर्णय गर्ने आधार तय गर्छन्। तर, त्यति हुँदाहुँदै पनि अपराधलाई दुरुत्साहित गर्ने वा व्यक्तिको निजत्व हनन गर्ने किसिमका सामग्री पनि आउने गरेका कारण नेपाली समाजमा यसप्रति नकारात्मक धारणा समेत बन्न थालेको छ। यसको मूल कारण हामीमा रहेको मिडिया साक्षरताको कमी नै हो। अर्थात् हामीले नेपालबाट अपलोड गरिएका त्यस्ता सामग्रीबारेमा युट्युबमा पर्याप्त उजुरी गरेका छैनौँ। सबै प्रयोगकर्ताले युट्युबका शर्तहरूको पालना गर्न स्वीकार गरेका हुन्छन्। त्यसैले सचेत व्यक्तिहरूले उजुरी गरेर युट्बुबरहरूलाई ठीक बाटोमा ल्याउने सक्रियता देखाउनुपर्छ।

विज्ञान र प्रविधिको विकाससँगै मानव सञ्चारका नयाँ-नयाँ आयाम देखापर्दै जानेक्रममा नयाँ-नयाँ मिडिया प्रविधिप्रतिको आकर्षण बढ्दै जान्छ। प्रयोग र सन्तुष्टिका दृष्टिले पनि युट्युबको लोकप्रियता बढ्दै जानु स्वभाविकै हो। यो नयाँ मिडियाप्रतिको आकर्षण यतिविघ्न बढेपछि यस सम्बन्धी विमर्श अघि बढ्नु पनि स्वभाविकै हो। यो माध्यमलाई धेरै मानिसले प्रयोग गरेकै कारण केही मानिसलाई आर्थिक फाइदा भइरहेको छ। अनि कैयौँ मानिसको क्षति भइरहेको छ भने सोधखोज पनि हुनुपर्छ। *गोप*

*(लेखक त्रिवि पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा आबद्ध छन्।)*

# समाज परिवर्तनमा युवाको दायित्व र भूमिका



अनुराग रोशन

युवा शब्द सुन्ने बित्तिकै हाम्रो मनमस्तिष्कमा जोस-जाँगर र उमँगले भरिएको एउटा मानवचित्र नाच्न थाल्छ। यस्तो किन पनि हुन्छ भने आजसम्म मानव समाजमा जे-जति आविष्कार र परिवर्तन भएका छन्, ती सबै युवाको सक्रिय सहभागिता र पहलकदमीमा मात्र सम्भव भएका छन्। यसअर्थमा युवा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक परिवर्तनका नायक हुन्।

यसै सन्दर्भलाई लिएर चिनिया क्रान्तिका नायक माओत्सेतुङले युवालाई लक्षित गर्दै भन्नुभएको छ- 'युवा हो, यो संसार तिमीहरूको हो।' यसरी युवा शब्दले हाम्रो मस्तिष्कमा खिच्ने तस्वीर र माओत्सेतुङ जस्ता महान व्यक्तिको उक्ति सुन्दा युवा ऐतिहासिक जिम्मेवारी बोकेका समाज परिवर्तन र देश विकासको मेरुदण्ड हुन् भन्ने मान्न सकिन्छ। तर, आज अधिकांश युवामा यो ऐतिहासिक जिम्मेवारी र कर्तव्यबोध भएको पाइँदैन। उपभोक्तावादी संस्कारले गिजोलिरहेका बेला अध्ययनमा अरूचीका कारण युवाहरू झन् गैरजिम्मेवार र दिशाविहीन बनिरहेका छन्। बढ्दो बेरोजगारी र अशिक्षाले युवाको आफ्नै भविष्य अन्धकारतिर यात्रारत् छ। समाजमा यस्तो परिदृश्य देखिनु भनेको हामी सबैको भविष्य पछाडि धकेलिनु हो। तथापि आज देशमा शिक्षित युवा नभएका पनि होइनन्, तर कमजोर चेतनाका कारण तिनीहरू कुनै न कुनै गलत प्रवृत्तिका शिकार भइरहेका छन्। जसका कारण युग बदल्ने ऐतिहासिक जिम्मेवारी बोकेका युवाशक्ति आज केही सीमित टाठाबाठाको स्वार्थ पूरा गर्ने भऱ्याङ मात्र बनिरहेका छन्। यो युवामा रहेका अन्तरनिहित क्षमता र शक्तिको विपरीत कुरा हुन्।

हाम्रो देशको राजनीतिमा त झन् उच्च राजनीतिक नेतृत्वबाट नै युवाहरूको व्यापक दुरूपयोग भइरहेको छ। युवालाई आफूमाथि कहिल्यै प्रश्न नगर्ने मानव परिचालित रोबटमा परिणत गर्न खोजिरहेका छन्। यो समाजका लागि दुःखद् कुरा हो भने आफ्नो स्वार्थपूर्ति गर्ने साधनको रूपमा मात्र आफूलाई प्रयोग गरिरहेका नेताबाटै ती युवाले आफ्नो सुन्दर भविष्यको निर्माण र देश विकासको अपेक्षा गर्नु झन् गम्भीर र डरलाग्दो स्थिति हो। त्यसैले युवामा आलोचनात्मक चेतको विकास हुन अत्यन्त जरुरी छ। किनकि आलोचनात्मक चेतले मात्र सही र गलत छुट्याई समाजमा घट्ने विभिन्न घटना-परिघटनाबारे तथ्यमा रहेर समर्थन वा विरोध गर्न सिकाउँछ। तर, चेतनाविहीनहरू समाजमा घट्ने त्यस्ता अनेक घटनाको वा कुनै पनि कुराको कि अन्धविरोध गर्छन्, कि त अन्ध समर्थन वा विश्वास गर्न पुग्छन्। यो प्रवृत्तिले समस्याको जडसम्म कहिल्यै पुऱ्याउँदैन। नेपाली राजनीतिमा आज जे-जति युवा देखिएका छन्, सबैभन्दा बढी यही प्रवृत्तिका शिकार बनिरहेका छन्। जसका कारण सत्यको पैरवी गरेरभन्दा नेताको चाकडी गरेर आफ्नो भविष्य सुरक्षित गर्न चाहने युवा आज नेताहरूको स्वार्थपूर्तिका लागि आफ्नो स्वाभिमानको समेत बलि चढाउन तयार छन्। जसको पछिल्लो ताजा उदाहरण सत्तारूढ नेकपाका युवा नेता भनिने महेश बस्नेतलाई पनि लिन सकिन्छ।

'केपी ओलीका लागि म धरहराबाट पनि हाम फाल्न तयार छु' भन्ने उनको अभिव्यक्ति सामाजिक सञ्जालमा खुब भाइरल भएको थियो। यो आफ्नो पार्टीभित्र अनेक काण्डैकाण्ड र पदको लडाइँबारे मौन रहेर कुनै नेता विशेषको स्वार्थका लागि आफ्नो ज्यान कुर्बानी गर्ने कुरा विशुद्ध नेताको चाकडी शिवाय अरू केही होइन। किनभने महेश बस्नेतहरूले अहिलेसम्म जे-जति सफलता प्राप्त गरेका छन् र अबको राजनीतिक भविष्य पनि यही चाकडी र चाप्लुसीमै बढी सुरक्षित र सम्भावित देख्छन्। किनकि, अहिले नेपालको राजनीतिमा योग्यता, क्षमता, त्याग, तपस्या र बलिदानीको कुनै गुञ्जाइस छैन। त्यसैले ओमनी ग्रुप लगायतका संरक्षक तथा जनताबाट 'करप्रसाद' उपनाम पाएका केपी ओली कसैलाई प्रिय लाग्छ। जनयुद्धको नाममा १७ हजार गरीबका छोराछोरीलाई आफ्नो ज्यानको उत्सर्ग गर्न लगाएर आफू मोजमस्ती र सबैभन्दा विलासी जीवन बिताउने प्रचण्ड कसैलाई प्राणभन्दा प्यारो लाग्छ। राजनीतिमा इमान र नैतिकतालाई तिलाञ्जली दिएका शेरबहादुर देउवामा अझै पनि केही युवाको साथ र समर्थन लिएर भावी पार्टी सभापति र प्रधानमन्त्री बन्ने भोक उस्तै जीवित नै देखिन्छ। अझ पञ्चायतका मतियार कमल थापा आज गणतन्त्र नेपालमा पनि केही युवाहरूको प्राणपखेरु नै बनिरहेका छन्।

यी सबै एउटा सचेतन आँखाबाट हेर्दा अस्वाभाविक लाग्ने दृश्य अस्पष्ट वैचारिक धरातलको जगमा निर्माण भएका हुन् र आलोचनात्मक चेतको अभावका परिणाम हुन्। त्यसैले अब समाज रूपान्तरण गर्ने अभिभारा बोकेका युवाशक्ति आफ्नो स्वमूल्याङ्कन र सिंहावलोकन गर्न एकदम टड्कारो देखिन्छ। काम-कर्तव्य एकातिर, व्यवहार कुम्लो बोकी ठिमीतिर त भइरहेको छैन भनेर आफ्नै मनलाई प्रश्न गर्ने बेला आएको छ। यो प्रश्नको उत्तर मात्र खोज्ने साहस युवाले गर्ने हो भने त्यस प्रश्नबाट प्राप्त उत्तरमा युवाको स्वयम् आफ्नो जीवन र समाजको स्पष्ट चित्र देख्ने छन् र त्यस चित्रमा आफ्नो स्थान कहाँ छ भनेर अवश्य खोज्ने छन्।

आफ्नो स्थानको खोजी गर्नु भनेको आफ्नो हैसियत थाहा पाउनु हो र आफ्नो हैसियत पत्ता लगाउनु भनेको आफ्नो वास्तविक स्थिति जान्नु हो। आफ्नो वास्तविक शक्ति र सामर्थ्य थाहा नभएकै कारण आज युवाको एउटा विशाल पंक्ति कथित ठूला राजनीतिक दलको 'एसमेन' र विभिन्न झुण्ड, स्वार्थी समूहको गोटी मात्र बनिरहेका छन्, जसका कारण आफ्नो व्यक्तिगत जीवन मात्र होइन, समग्र समाजको मुहार नै परिवर्तन गर्न सामर्थ्य राख्ने युवाशक्तिले आज राजनीतिप्रति व्यापक वितृष्णा र समाजप्रति चरम निराशा व्यक्त गरिरहेका छन्।

निश्चय नै कुनै पनि कुराको सीमा हुन्छ। तर, अहिले हाम्रो समाजमा भ्रष्टाचार, बलात्कार, अनियमितता, घुसघोरी, दलाली, कालोबजारी, गरीब, किसान र मजदुर माथिको नाङ्गो लुट, विभिन्न नाममा मान्छेले मान्छेमाथि गर्ने विभेद र युवाको व्यापक दुरूपयोगले सीमा नाघिरहेको छ। आफ्नो नागरिकप्रतिको राज्यको यो हदसम्मको अनुदारता र निकृष्ट व्यवहारका कारण आज युवामा यो विभेदकारी नीति, नियम र गैरजिम्मेवार राज्यव्यवस्था माथि नै चरम अविश्वास र घृणा पैदा हुन थालेको देखिन्छ। त्यसकाविरुद्ध र विकल्पमा समतामूलक नयाँ चेतनाको अंकुरण युवाको मस्तिष्कमा भइरहेको छ। आज बिरुवाको रूपमा देखिएको यो नवीन चेतना नै भोलि तराईको फाँटदेखि पहाडको कुनाकन्दरा हुँदै हिमालको चुचुरोसम्म पुगेर मक्किसकेको पुरानो मान्यता र विचारमा टिकेको अहिलेको हाम्रो सामाजिक संरचनालाई नष्ट गरेर ढिलोचाँडो नयाँ सामाजिक संरचनाको स्थापना गर्ने छन्। जहाँ कसैले पनि विभिन्न जातपात, धनी-गरिब र धर्मको आधारमा विभेदको महशुससम्म गर्न पाउने छैनन्।

त्यसैले आज समयले युवालाई आह्वान गरिरहेको छ- युवाहरू हो, तिमीहरूको जीवनमा आज रहेको सबैभन्दा मूल्यवान वस्तु समय हो। जीवनकै यो मूल्यवान र स्वर्णीम समयको अत्यधिक र प्रभावकारी प्रयोगबाट तिमीहरू आफ्नो व्यक्तिगत जीवनको चित्रमात्र होइन, समाजकै चित्र बदल्न सक्नेछौ। त्यसो भए आफूभित्र अन्तरनिहित यत्रो विराट र अजेय क्षमता बोकेर युवा 'जुटपत्ती र लुँडो' खेलेर समय ब्यतित गर्ने बहानामा निरीह भएर किन बस्ने ? तसर्थ, युवापंक्तिले अब सोच्नैपर्छ, केही त गर्नैपर्छ। किनकि युवाहरूको भाग्यको बिधाता युवाहरू स्वयम् आफै हो। त्यसैले आफ्नो भाग्यको निर्माण आफै गर्दै सत्य, न्याय र समानतामा आधारित समाज निर्माणका लागि युवा आफ्नो ऐतिहासिक दायित्व र भूमिका निर्वाह गर्नबाट किमार्थ चुक्नु हुँदैन।

# मुख्यमन्त्री राईद्वारा अर्जुनधाराधाम र विल्डकन इण्डष्ट्रिजको अवलोकन



□ विनोद पाण्डे

**चारपाने, साउन ३१।** प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले पूर्वको धार्मिक पर्यटकीय स्थल अर्जुनधारा जलेश्वर धामको अवलोकन गरेका छन् ।

अर्जुनधारा नगरपालिकाको निमन्त्रणामा बिहीबार अर्जुनधारा नगरका विभिन्न क्षेत्रमा आयोजित कार्यक्रममा सरिक बनेका राईले शुक्रबार अर्जुनधारा मन्दिर समितिको निमन्त्रणामा धामको अवलोकन गर्दै विगत र वर्तमानको बारेमा जानकारी लिएका थिए ।

नेपाल सरकारले घोषणा गरेको देशका मुख्य एक सय धार्मिक पर्यटन स्थल मध्येको एक अर्जुनधारा जलेश्वरधालाई समय साक्षेप विकास गर्दै लानुपर्नेमा मुख्यमन्त्रीले जोड दिएका छन् । उनले धाम व्यवस्थापन समितिका पदाधिकारीहरुसँग कुराकानी गर्ने क्रममा 'स्थानीय स्तरबाट हुने काम गर्दै जानुहोस् प्रदेशबाट हुने कामको बारेमा म केही सुझाव सल्लाहसहित यसको विकासमा लाग्नेछु' यस बर्ष कुनै न कुनै श्रोतबाट भए पनि केही आर्थिक सहयोग गर्ने पनि उनले आश्वासन दिएका थिए ।

गत बर्ष घेराबाराको लागि अर्जुनधारा जलेश्वरधामलाई सरकारको तर्फबाट ५० लाख विनियोजन भएको थियो । उक्त बजेटबाट हाल घेराबाराको काम सम्पन्न गरिएको छ ।

त्यसैगरी मुख्यमन्त्री राईले अर्जुनधारामा सञ्चालनमा आएको देशकै पहिलो आधुनिक, ठूलो कंक्रिट उद्योग विल्डकन इण्डष्ट्रिजको अवलोकन गरेका छन् । अवलोकनपछि सञ्चालकहरुसँगको संवादमा मुख्यमन्त्री राईले भने- 'अन्तर्राष्ट्रिय स्तरको उद्योग प्रदेश नं. १ मा शुरु भएको थाहा पाएँ अत्यन्तै खुशी लाग्यो ।' उनले यस किसिमको उद्योग अबको समयको माग र आवश्यकता हो, कार्यविधि बनाएर कानूनीरुपमा यस्तो उत्पादनलाई सरकारले प्रोत्साहन गर्दै उत्पादित वस्तुलाई सरकारले प्रयोग गर्नुपर्ने सबै नगरपालिकाहरुले भित्री बाटोहरुमा यो उद्योगको उत्पादन वस्तुले बाटो निर्माण गर्ने हो भने नगरको सुन्दरता बढेर जाने बताए । मुख्यमन्त्री राईले सरकारसँग साझेदारीको योजना बनाउनु होस् 'कुनै एक ठाउँमा नमूनाको रुपमा सडक निर्माण गरौं' त्यो काम हेरेर आम नागरिक प्रति आर्कषण बढ्ने सुझाव दिएका थिए ।



उद्योग सञ्चालक सदस्य नवीन गट्टानीले भने- 'गुणस्तरमा कुनै पनि सम्झौता हामी गर्दैनौं, बाटो निर्माणको काममा पाँच वर्ष ग्यारेन्टी दिएका छौं, यसो हुँदा बर्षेनि कालोपत्रे बाटो मर्मत र निर्माण गर्ने खर्च सरकारको बचत हुन्छ र छिटो सबैतिर बाटो निर्माण गर्न सकिने मुख्यमन्त्री समक्ष सुझाव राखेका छौं ।'

अर्का सञ्चालक सदस्य भीमचन्द्र भट्टराईले उद्योगले प्राप्त गरेको विश्वसनीयताको प्रमाण पत्र र योजनाहरुको फाइल मुख्यमन्त्री राईलाई हस्तान्तरण गरेका थिए । अवलोकनमा प्रदेश कृषि राज्यमन्त्री राम राना मगर, प्रदेश सांसद बृर्ख प्रधान, जिल्ला समन्वयन समिति झापाका सभापति सोम पोर्तेल विश्वकर्मा, अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार राना, वडा नं. १० का अध्यक्ष बलदेव गोम्देन लगायतको सहभागिता रहेको थियो ।



# समाजसेवामा सक्रिय शेरबहादुर

**चारपाने, साउन ३१।** पञ्चायतकालको अन्तिम कार्यकालका जनपक्षीय वडाध्यक्ष शेरबहादुर थापा सो जिम्मेवारी सकिएपछि व्यावसायिक जीवनमा प्रवेश गरे । त्यो बेला एकदमै कम मानिसले शुरु गरेको निर्माण व्यवसायमा थापाको यात्रा शुरु भयो, जो आजका दिनसम्म पनि निरन्तर छ ।

झापा घैलाडुब्बा गाउँ पञ्चायतका ७ नम्बर वडाका अध्यक्ष रहेका बेला थापा २३ वर्षका मात्र थिए । ८ वर्षको उमेरमा तेह्रथुमबाट २०२८ सालमा घैलाडुब्बा झरेको थापाको परिवार समयक्रमसँगै हालको कनकाई-९ खाडीबस्तीमा स्थायी रुपमा बसोबास गर्दै आएको छ ।

निर्माण व्यवसायमा प्रवेश गर्दै गर्दा थापासँग अनेकौं सम्झनाहरु छन् । त्यो बेलाको आर्थिक अभाव, पहुँच नपुग्दा भोग्नु परेको पीडा, ठूला भनाउँदाहरुबाट हेपिनुपर्ने अवस्था उनी अझै बिर्सन सक्दैनन् । आफ्नो फर्म नभएपछि उनले दिलभूषण पाठकको पाठक निर्माण सेवामार्फत व्यवसाय शुरु गरे ।

व्यवसाय जीवनमा ४७ करोड रुपैयाँसम्मको आयोजनाको काम गरेका झापा प्रतिष्ठित व्यवसायी थापाले पहिलो काम ५५ हजार रुपैयाँमा गरेका थिए । देवीबस्तीमा अन्धुवा खोलाको काठको पुल बनाएका थापाले त्यसयाता कहिल्यै पछाडि फर्केर हेर्नु परेन । काम गर्दा असल नियतले गऱ्यो भने जीवनमा कहिल्यै दुःख नपाइने उनले बुझेका छन् ।

शुरुवाती दिनमा निर्माण व्यवसाय क्षेत्रमा गुण्डगर्दी हावी रहे पनि अहिले आएर सोको अन्त्य भएको उनी बताउँछन् । कामै नगरी धम्क्याएर पैसा कमाउनेहरु प्रविधिको विकाससँगै हराउन थालेको उनको अनुभव छ । 'पहिले त फर्म बनाउनै मुस्किल थियो' -थापाले भने- 'उस्तै परे कुटाइ खानुपर्ने अवस्था पनि आउँथ्यो ।'

कामको सिलसिलामा आफूमाथि अपमान भएपछि उनले जीवनभर आफ्नो नाममा फर्म दर्ता नगर्ने वाचा गरे । हालसम्म पनि उनको नाममा फर्म छैन । तर, जेठो छोरा मौषमले बुवाको काम र प्रगति देखेपछि उनलाई थाहै नदिई फर्म गरेको थापाले सुनाए । झापाली विल्डर्स नामको फर्म मार्फत आजभोलि थापाले काम गर्दै आएका छन् । झापाली विल्डर्सको टर्न ओभर १० करोड रुपैयाँ रहेको छ ।

थापासँग २०४६ सालमा एकपटक भएको तीतो घटना छ । तत्कालीन जिविस भवनमा उनलाई घाइते बनाइयो । त्यतिबेलाका नाम चलेका भनिएकाहरुले उनको हात समतेर बटारेर मर्काइदिएका थिए । तर, अहिले त्यस्तो अवस्था छैन । प्रविधिले गर्दा घरमै बसर पनि टेन्डर प्रक्रियामा सहभागी हुन सकिने थापाले बताए ।

झापाका स्थापित तथा अग्रज व्यवसायी थापा नयाँ पुस्ताका निर्माण व्यवसायीलाई कामको गुणस्तरमा सम्झौता नगर्न सुझाव दिन्छन् । गुणस्तर घटाएर पैसा कमाउने उद्देश्य बोकेर आउनेहरु पलायन हुने उनी बताउँछन् । त्यस्तै, आफू स्वयम् निर्माणस्थलमा खट्ने गरेकाले पनि थापाको काम हालसम्म विवादमा परेको छैन । लहडमा भन्दा पनि अध्ययन र प्राविधिक ज्ञान प्राप्त गरेर मात्र यो क्षेत्रमा आउन उनको सुझाव छ ।

थापाले हालसम्म बाटो ग्राभेल तथा कालोपत्रे, पुल, भवन, भीर पहरा फोड्ने काम गरिसकेका छन् । उनको सम्झनामा हालसम्म १३ सय किलोमिटर बाटो निर्माण र छ वटा पक्की पुलको काम गरिसकेका छन् । आधा दर्जन बाटो र त्यति नै संख्यामा पुल निर्माणाधीन अवस्थामा छन् ।

तीन दशक लामो व्यावसायिक जीवनमा उनले ठाउँ परिवेश अनुसार फरक-फरक मान्छेको अनुभव भोगेका छन् । सहर बजारमा भन्दा पहाड र ग्रामीण क्षेत्रका मानिस धेरै नै सहयोगी रहेको उनी बताउँछन् । 'ग्रामीण क्षेत्रका मानिसबाट साथ सम्मान पाइन्छ' -उनले भने- 'किनभने उनीहरु विकटमा हुन्छन्, उनीहरुलाई विकास चाहिएको हुन्छ ।' सहरियाहरु चाहिँ अटेरी हुने र काम नसकिए पनि हिँड्ने गर्ने गरेकाले उनलाई दुःखी बनाएको छ ।

सरकारप्रति उनको एउटा गुनासो छ । सम्झौता अनुसार समयमा काम नसक्दा सरकारले जरिवाना गर्छ, यो कुरामा उनी सहमत छन् । तर, समयमै काम सकिए पनि सरकारले सम्झौता अनुसार भुक्तानी नदिनु विडम्बनापूर्ण रहेको उनको भोगाइ छ । 'पैसा छैन भने किन काम निकाल्नु' -उनले भने- 'समयमा पैसा नपाउँदा हाम्रा लागत र समय बढ्छ, त्यसको हिसाब कस्ले दिने ?'

# आङ्देम्बेलाई प्रवासी नेपालीद्वारा सहयोग



**बिर्तामोड, साउन ३१।** सवारी दुर्घटनामा परी घाइते भएका एक व्यक्तिलाई तीन लाख ५५ हजार छ सय रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ ।

पाँचथरको फाल्गुनन्द गाउँपालिका - ७ आङ्सराङ्ग निवासी प्रतिक आङ्देम्बेलाई उपचारका लागि आर्थिक सहयोग गरिएको हो । फाल्गुनन्द एकता समाज मलेसियाको पहलमा बीएण्डसी अस्पताल बिर्तामोडमा उपचाररत् आङ्देम्बेलाई आर्थिक सहयोग गरिएको हो ।

पाँचथरबाट झापा आउने क्रममा केही महिनाअघि उनी मोटरसाइकल दुर्घटनामा परी गम्भीर घाइते भएका थिए । घाइतेलाई अस्पतालमा नै पुगेर नगद प्रदान गरिएको वैदेशिक रोजगार व्यवसायी संघ झापाका अध्यक्ष धनबहादुर पन्धाकले जानकारी दिए ।

आङ्देम्बेको उपचारका लागि साउदी अरबवाट प्रकाश चेम्जोङ र मनकुमारी साम्पाङ राईले समेत रकम प्रदान गरेको बताइएको छ । फाल्गुनन्द एकता समाज मलेशियाका संस्थापक संरक्षक तथा मलेशियाका सफल व्यवसायी कृष्णबहादुर आङ्देम्बे, संयोजक सन्तोष रिजाल, लक्षमण आङ्देम्बे, मिक्साहा चेम्जोङ, अमृत थापा, प्रेम पाण्डे, बुद्धि आङ्देम्बे, कैलाश आङ्देम्बे, जगत आङ्देम्बे, गोपाल चेम्जोङ, सन्तकुमार सावा, लक्ष्मीमाङ चेम्जोङ, सन्त आङ्देम्बे लगायतको सक्रियतामा रकम जुटाएको बताइएको छ ।

अस्पतालमा उपचाररत् रहेका आङ्देम्बेलाई समाजसेवी तथा संघीय लिम्बुवान मञ्चका केन्द्रीय सचिव लाभाहाङ चेम्जोङ र मञ्चका जिल्ला अध्यक्ष धनबहादुर पन्धाकले रकम प्रदान गरेका थिए ।

# फरार दर्जी २१ वर्षपछि पक्राउ

□ गणेश अर्याल



**इलाम, साउन ३१।** इलाममा एक जना फरार अभियुक्त २१ बर्षपछि पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयट इलामबाट गएको प्रहरीको टोलीले माई नगरपालिका-४ का ४१ बर्षका दीपक दर्जीलाई पक्राउ गरेको हो ।

वन मुद्दामा अदालतबाट प्रमाणित भई फरार अवस्थामा रहेका दर्जीलाई माई नगरपालिका-२ बाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

२०५६ साल असार ९ गते तत्कालीन जिल्ला अदालतले एक बर्ष कैद तोके पनि दर्जी फरार अवस्थामा लुकिछिपी बस्दै आएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक लालध्वज सुवेदीले बताए । पक्राउ परेका दर्जीलाई जिल्ला अदालतमा पेश गरी कैद भुक्तानको लागि कारागार पठाइएको सुवेदीले बताए ।

# टेम्पो दुर्घटनामा साइकलयात्रीको मृत्यु

**बिर्तामोड, साउन ३१।** बिर्तामोडमा भएको सवारी दुर्घटनामा एक ब्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा इलामको रोङ गाउँपालिका-५ का ४४ वर्षीय जसबहादुर सुनुवार रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

बुट्टाबारीमा भएको दुर्घटनामा साइकलमा सवार सुनुवारलाई मे १ ह ३४९५ नम्बरको टेम्पोले ठक्कर दिएको थियो ।

घाइते अवस्थाका राईको उपचारका लागि ल्याउँदै गर्दा बाटैमा मृत्युभएको प्रहरीले जनाएको छ । घटनापछि टुम्पो चालक भद्रपुर-२ का तिलकबहादुर राईलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ ।


**जग्गा बिक्रीमा**

शनिश्चरे बजारमा रहेको ११ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
सम्पर्कः
९८१६९३५२००
९८१५०८०३९१

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९
९८४१३२१४६४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सानो गल्तीले मौका गुम्न सक्छ । अवसर प्राप्त भए पनि अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कमजोरी माथि टिप्पणी हुने समय भएकाले गोपनीयतामा ध्यान दिनुहोला । आलोचकहरू सक्रिय हुने समय छ, ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोली-व्यवहारमा सजग रहनुपर्ला । मेहनतले फाइदा दिलाउनेछ भने सिर्जनात्मक सीप सिक्ने मौका छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** महत्वाकांक्षी कार्य प्रारम्भ हुनेछ । बिछोडिएका आफन्तसँग भेटघाट पनि हुनेछ । तर, खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नजिकको विवादास्पद व्यक्तिले समस्या निम्त्याउन सक्छ । परिस्थितिवश विवादास्पद काममा अग्रसर हुनुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कुटनीतिक व्यक्तिको फन्दामा परिनाले फजुल खर्च हुनेछ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ । अर्थ अभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ । बनिसकेको काम दोहोऱ्याउनुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय दिन नसक्दा काम अधुरो रहनेछ । लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । साथीभाइको सहयोगले यात्रा हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** चिताएको काम सम्पादन गर्न सकिनेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ । भौतिक साधन जुट्नाले आयआर्जनका स्रोत बढ्नेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापारमा पनि बढी नै फाइदा हुनेछ । गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछ । दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ ।